# विषय विज्ञहरुको नामावली निर्माण गर्ने कार्यविधि – २०७५

प्रमाणिकरण मिति :- २०७५/०२/०७

चन्द्रकोट गा.पा.भित्रका विद्यालयहरुमा रिक्त हुने राहात, करार शिक्षक छनौट गर्दा छनौट समितिको सदस्य भई प्रश्नपत्र निर्माण, उ.पु.परीक्षण, नतिजा प्रकाशन, अन्तरवार्ता संचालन आदि कार्यहरु मर्यादित, व्यवस्थित एवं विश्वसनीय वनाउनका लागि चन्द्रकोट गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

क) दरखास्त आह्वान गर्ने :

विषय विज्ञहरुको सूचिमा सूचिकृत हुन इच्छुक शिक्षकहरुका लागि १ हप्ताको म्याद राखी सार्वजनिक सूचना गर्ने ।

ख) निवेदन दस्तुर

प्रा.वि. तह रु. १०००।- नि.मा.वि. तह रु. १५००।- मा.वि. तह रु २०००।- हुनेछ ।

ग) निवेदन दिने स्थान :

गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा

घ) संलग्न गर्नुपर्ने कागजातहरु :

नागरिकताको प्रतिलिपि

नियुक्ति पत्रको प्रतिलिपि

शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि

भौचर वा गाउँ कार्यपालिकाको कार्यालयमा शुल्क तिरेको रसिद

ङ) निवेदन दिन सक्ने :

योग्यता पुगेका इच्छुक शिक्षकले निवेदन दिन पाउनेछन् ।

च) योग्यता :

मा.वि तहका लागि -सोहि विषयमा एम.एड. वा एम.ए., वि.एड. गरेको र पूरा तीन शैक्षिक सत्रमा मा.वि. तहमा स्थायी सेवा गरेको हुनुपर्नेछ ।

आधारभूत तह (६-८) का लागि -सोहि विषयमा वि.एड. गरेको र सोही विषयगत नि.मा.वि. वा मा.वि. तहमा पूरा तीन शैक्षिक सत्र स्थायी सेवा गरेको हुनुपर्नेछ ।

आधारभूत तह (१-५) का लागि -वि.एड. उत्तीर्ण गरी प्रा.वि. वा नि.मा.वि. वा मा.वि. तहमा पूरा तीन शैक्षिक सत्र स्थायी सेवा गरेको हुनुपर्नेछ ।

छ) विज्ञ छनौट प्रक्रिया :

विज्ञ छनौटका लागि कुनै प्रकारको लिखित, मौखिक, वा अन्य यस्तै प्रकारको परीक्षा वा छनौट प्रक्रिया सञ्चालन गरिने छैन।सम्वन्धित शिक्षकका कागजात अध्ययन गरी आवश्यक निर्णय लिईने छ।

ज. सूचि निर्माण गर्ने :

विज्ञका लागि प्राप्त निवेदनहरु शिक्षा, युवा तथा खेलकुद शाखाले रुजु गरी अयोग्यको हकमा जानकारी गराई अभिलेखीकरण गरी नामावली प्रकाशन गर्नेछ।

झ) सूचि अद्यावधिक गर्ने :

विज्ञको सूचि प्रकाशन गरेको मितिले प्रत्येक २ वर्षमा अद्यावधिक गर्ने व्यवस्था मिलाईने छ । प्रत्येक पटक अद्यावधिक गर्दा पहिले सुचिकृत भएका विज्ञहरुले विज्ञहरुले पनि पुन निवेदन दिनुपर्नेछ अन्यथा विज्ञको सूचीबाट स्वत हटाईने छ।

ञ) विज्ञको अभाव :

माध्यमिक तहको विषयगत दरवन्दीमा पदपूर्ति गर्नका लागि सोहि विषयको विज्ञ गा.पा.ले सूचिकृत गरेको सूचिमा उपलब्ध हुन नसकेमा शिक्षक छनौट समितिले सो विषयको विज्ञ अन्य स्थानीय तहवाट वोलाउने व्यवस्था मिलाउने छ।

ट) प्रश्न बैंक निर्माण :

यसरी सूचि निर्माण भईसकेपछि कम्तिमा १० सेट प्रश्न निर्माण कार्यशाला सञ्चालन गरी निर्माण गरिएका प्रश्नपत्रहरु नजिकको प्रहरी कार्यालयमा तालावन्दी गरी भण्डारण गर्ने व्यवस्था मिलाईने छ। तालावन्दी गरे पश्चात चावी भने प्रमुख प्रशासकीय अधिकृत संग रहने व्यवस्था मिलाईने छ। राहत, करार शिक्षक छनौट गर्दा छनौट समितिको संयोजकले सोही बैंकवाट प्रश्नपत्र निकाली प्रयोग गर्ने व्यवस्था मिलाईने छ। प्रश्नपत्र प्रयोग भईसकेपछि सोही दिनका विज्ञहरुलाई कम्तिमा १ सेट बनाउन लगाई पुनः बैंकमा थप्दै जाने व्यवस्था मिलाईने छ।

ठ) अयोग्य मानिने :

उपल्लो तहमा मात्र सूचिकृत विज्ञ यदि तल्लो तहमा सुचिकृत छैन भने विज्ञ भई काम गर्न सक्ने छैन।

ड) कर्तव्य हुने : गा.पा.ले. आवश्यकता ठानी कार्यसम्पन्न गर्न सहयोग मागदा उपस्थित भई सहयोग गर्नु सम्पूर्ण विज्ञहरुको कर्तव्य हुनेछ भने गा.पा. सँग समन्वय गरी काजमा पठाउनु प्र.अ.को कर्तव्य हनेछ।